नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
## प्रशासन तथा प्रेस शाखा
सञ्चारग्राम, तिलगंगा, काठमाण्डौं

प.सं. :- ०८२/८३
च.नं. :- ५४७

मिति :- वि.सं. २०८३/०२/२०

नेे.स. :- ११४६ अनलागा,३ बुधवार

**विषयः आ. व. २०८३/०८४ का लागि दरबन्दी विवरण र श्रमजीवी विविरण अद्यावधिक गर्नेसम्बन्धी अत्यन्त जरुरी सूचना ।**

श्री सम्पूर्ण सञ्चारमाध्यमहरू ।

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ तथा नियमावली, २०५३ र छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ र नियमावली, २०४९ बमोजिम प्रत्येक वर्ष सञ्चार प्रतिष्ठानले आफ्नो प्रतिष्ठानको दरबन्दीको तहगत विवरण र श्रमजीवी पत्रकार, कर्मचारी, कामदारहरुको विवरण प्रेस रजिष्ट्रार (सूचना तथा प्रसारण विभाग) समक्ष पठाउनुपर्ने व्यवस्था छ ।
उक्त व्यवस्था अनुसार आ व २०८३/०८४ का लागि सञ्चार प्रतिष्ठान (पत्रपत्रिका, टेलिभिजन, एफएम रेडियो र अनलाइन) को स्वीकृत दरबन्दी र श्रमजीवी विवरणविभागमा सञ्चालित सूचना व्यवस्थापन प्रणाली (IMS) मा अद्यावधिक गर्नका लागि सार्वजनिक सूचना जारी गर्ने यस विभागको निर्णयानुसार विभागको वेबसाइट www.doib.gov.npमा रहेको अनलाइन प्रणालीमार्फत तपसिलबमोजिम अद्यावधिक गर्नुहुन अनुरोध छ ।
तपसिल

१) प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम आगामी आ.व. २०८३/०८४का लागि विभागमा बुझाउने दरबन्दी र श्रमजीवी विवरण विभागको वेभसाइट www.doib.gov.np मा गई अनलाइन सेवा मार्फत भर्नुपर्नेछ ।

२) आ.व. २०८३/०८४का लागि निर्धारण गरिएको दरवन्दी विवरण एकैपटक बुझाउनु पर्नेछ । विवरणमा उल्लेखित रिक्त पदमा भने पछि श्रमजीवी नियुक्त गरी पछि अद्यावधिक गर्न सकिनेछ ।

३) पाँच (५)जनाभन्दा बढी दरबन्दी भएको सञ्चारगृहहरुले दरबन्दी विवरण पठाउँदा निम्न विवरण अनिवार्य भरेको हुनुपर्ने,

**क.** प्रमाणित तलवी विवरण (pay roll)

**ख.** तलब भुक्तानीको लागि सम्बन्धित बैंकलाईं लेखिएको बैंकद्वारा प्रमाणित पत्र,

**ग.** सञ्चार प्रतिष्ठानहरुले सञ्चार माध्यम दर्ता प्रमाणपत्र र सो प्रमाणपत्र नवीकरण गर्नुपर्ने भएमा नवीकरण भएको प्रमाणपत्र अनलाइन सेवामा नै अनिवार्य अपलोड गर्नुपर्ने छ ।

४) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ५ को व्यवस्था अनुसार कुल दरबन्दीको १५ प्रतिशत मात्र करार सेवामा नियुक्त गर्न सकिने छ । सम्पादकसहित कम्तीमा तीन जना श्रमजीवी पत्रकारको दरबन्दी कायम गरी भर्नुपर्नेछ ।

५) तोकिएको ढाँचा भन्दा भिन्न रुपमा भरिएका विवरणहरु दर्ता गरिने छैन ।

६) विवरण भर्दा सावधानीपूर्वक यथार्थ विवरण भरी पठाउनुपर्ने छ । पठाएको दरबन्दी विवरणमा संशोधन हुने छैन, गलत विवरण पठाएमा सम्बन्धित सञ्चार प्रतिष्ठान जिम्मेवार रहनेछ ।

७) विवरण भरिसकेपछि Confirmation Number प्राप्त हुनेछ । सो नम्बरबाट विवरण हेर्न, प्रिन्ट गर्न र रिक्त दरबन्दीमा श्रमजीवी थप गर्न, कागजात थप गर्नुपर्ने भए अपलोड गर्न सकिनेछ । Confirmation Number सुरक्षित राख्नुहोला ।

८) अनलाइनमार्फत प्राप्त दरबन्दी विवरण र आवश्यक कागजात प्राप्त भएमा नयाँ प्रेस पास जारी तथा नवीकरण गर्ने कार्य अनलाइन सेवामार्फत नै हुने व्यहोरा अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Shanti Lama
caoshantilmd@gmail.com

(शान्ती लामा)
शाखा अधिकृत

बोधार्थ:

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

बोधार्थ/कार्यार्थ:

हुलाक निर्देशनालय/कार्यालयहरु सबै
श्री प्रेस काउन्सिल नेपाल, काठमाडौं
श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति, काठमाडौं
श्री नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालय, काठमाडौं
(तहाँ अन्तर्गत सम्पूर्ण जिल्ला शाखा र सञ्चार प्रतिष्ठानहरुलाई जानकारी गराइदिनुहुन । )